सर्वोच्च अदालत

एक न्यायाधीशको इजलास

माननीय न्यायाधीश श्री गोपाल पराजुली

**आदेश**

**सम्तव् २०६९-AP-०४५२**

**सम्तव् २०७०-AP-०४२६**

**बिषय: अदालतको अवहेलना ।**

जिल्ला धनुषा वटेश्वर गा.वि.स वडा नं. १ घर भै हाल ललितपुर जिल्ला टिकाथली गा.विस स्ने बर्ष ३९ को अधिवक्ता अंजनी कुमार पोखरेल..............................१ निवेदक वादी

**विरुद्ध**

कान्तिपुर पब्लिकेशन प्रा.लि सुविधानगर, काठमाडौका अध्यक्ष तथा प्रबन्ध निर्देशक कैलाश सिरोहिया ..........................................................................१

ऐ.ऐ का निर्देशक स्वस्तिका सिरोहिया .................................................. २ विपक्षी

ऐ. ऐ. का प्रधान सम्पादक सुधिर शर्मा ................................................ ३ प्रतिवादी

ऐ पत्रिकाका लेखक विजय कुमार पाण्डे ................................................ ४

**सम्तव् २०७०-AP-०४२६**

काठमाडौ जिल्ला काठमाठमाडौ महानगरपालिका वडा नं. २ लाजिम्पाट बस्ने अधिवक्ता रत्न कुमारी श्रेष्ठ, प्रमाण संख्या नं. १२९७६ ...................................................१ निवेदक वादी

**विरुद्ध**

कान्तिपुर कम्प्लेक्स, सुविधानगर, काठमाडौ स्थित राष्ट्रिय दैनिक कान्तिपुर पब्लिकेशन्स प्रा. लि. का प्रधान सम्पादक सुधिर शर्मा ...............................................१ विपक्षी

ऐ ऐ का समाचारदाता घनश्याम खड्का ...................................................१ प्रतिवादी

यसमा निवेदकतर्फवाट उपस्थित विद्वान अधिवक्ताहरु यदुनाथ खनाल , गोपाल कृष्ण घिमिरे , सालिकराम आचार्य , दिपक रेग्मी , सुरेस कुमार पोख्रेल र रत्न कुमार श्रेष्ठको वहस जिकिर सुनी निवेदन व्यहोरा समेत अध्ययन गरियो ।

पेश भै आएका दुवै निवेदनहरुमा निवेदकहरुले विपक्षीहरुको सञ्चालन, निर्देशन, सम्पादनमा रहेको कान्तिपुर दैनिकले विभिन्न लेख, समाचार,सम्पादकीय आदि प्रकाशित सामग्रीद्वारा न्यायको रोहमा न्यायिक कार्यसम्पादन गरेको बिषयलाई न्यायालयप्रतिको जनआस्था कमजोर गराउने र अनास्था पैदा गर्ने, अनुचित र भ्रामक हल्ला फिंजाई (Scandalize) त्यस्ता प्रकाशनहरु मार्फत न्यायिक काम कारवाहीमा हस्तक्षेप गर्ने एवं स्वतन्त्र न्यायपालिकाको अभिन्न अवयव रुपमा रहेका अदालतका न्यायाधीश एवं कानून व्यवसायीहरुको मर्यादामा आघात पुग्ने गरी आधारहीन लान्छना लगाई स्वतन्त्र न्यायपालिकाको अवधारणा प्रतिकूल गम्भीर अवहेलनात्मक कार्य गरेकाले विपक्षीहरुलाई हदैसम्मको सँजाय गरीपाउँ भन्ने निवेदन दावी देखिन्छ । यथार्थमा अदालतको अवहेलना सम्बन्धी बिषयमा निवेदकको भूमिका अदालतको असम्मान वा अवज्ञा भएको जानकारी गराउने सम्म मात्र हुने भनी यस अदालतले ने.का.प २०६३ अंक १२ नि.नं. ७८०१ पृष्ठ १५९३ लगायतका यस्तै प्रकृतिका कैयौं विवादमा सिद्धान्त प्रतिपादन गरिसकेको सन्दर्भमा अवहेलनाजन्य क्रियाकलाप भएको छ वा छैन भन्ने तथ्यको निर्क्यौल निवेदनमा उल्लिखित तथ्य वा दावीमा मात्र सीमित रहिरहनु पर्ने आवश्यकता रहँदैन । अदालतले समग्रमा विपक्षीहरुको कामकारवाईवाट अदालत वा त्यसवाट हुने न्याय सम्पादन र न्यायप्रशासनको कार्यप्रति सर्वसाधारणमा अविस्वास वा अनास्था पैदा हुने वा अदालतको सम्मान,मर्यादा वा प्रतिष्ठामा आघात पुग्ने कार्य गरेको छ वा छैन भन्ने कुराको निर्क्यौल वस्तुनिष्ठ रुपमा गर्न सक्ने नै हुन्छ।

यस अदालतको मिति २०७१।३।१८ ,२०७०।४।२८ र २०७०।२।१ को आदेश बमोजिम पेश हुन आएको कान्तिपुर दैनिक पत्रिकाको बिभिन्न मिति मा प्रकशित सामग्रीहरुको अध्ययन समेत गरियो । इजलासमा प्राप्त सामग्रीहरु हेर्दा कान्तिपुर दैनिकको ३१ वैशाख २०७० को प्रथम पृष्ठको समाचार टिप्पणीको पहिलो अनुच्छेदमा अदालतको अवहेलना गरेको भन्दै कान्तिपुर विरुद्ध सर्वोच्च अदालतमा मुद्दा परेको, दोश्रो अनुच्छेदमा मुद्दा सुनुवाईका लागि पेशी तोकिएको समाचार उल्लेख भएपछि तेश्रो अनुच्छेदमा अवहेलना भयो भनी चुनौती दिइएको लेखको मुख्य सारांश उल्लेख गरी उक्त लेखको औचित्यता पुष्टि गर्न खोजिएको देखिन्छ । साथै उक्त लेख विरुद्ध अवहेलना मुद्दा दर्ता भैसकेको र

सुनुवाईका लागि पेशी तोकिसकेको समाचार उल्लेख गरिसकेको ले विपक्षीहरुलाई सो विषय अदालतमा विचाराधीन (Subjudice) बिषय वन्न पुगेका स्पष्ट जानकारी भएको देखिन्छ । अदालतमा विचाराधीन विवादमा पत्रिकाले आफ्नो धारणा व्यक्त गर्नु भनेको सो बिषयमा Media -trial गरी जनमत तयार गर्ने अभियान हो । अदालतको विचाराधीन विवादको बिषयमा Media -Trial को अभिष्ट न्यायाधीशहरुलाई आफ्नो अन्तस्करणवाट देखेको न्यायको आवाज अभिव्यक्त गर्न अवरोध पुर्याउनु रहेको हुन्छ । संसारभरी नै Media Trial को यो अवस्थालाई न्यायिक कार्यमा अवरोध गरेको सम्झी अत्यन्त गम्भीर अवहेलनाजन्य कार्यका रुपमा लिने गरिएको भएतापनि कान्तिपुर दैनिकले पत्रकारिताको यो आधारभूत र न्यूनतम मान्यतालाई ठाडो उल्लंघन गरेको छ देखिन्छ ।

यसैगरी २८ वैशाख २०७० को पृष्ठ ३ मा पद र पहिचानवीचको महान अन्तर भन्ने स्तम्भमा स्तम्भकार विजयकुमारले यस अदालतका सम्माननीय प्रधान न्यायाधीशज्यू एवं माननीय न्यायाधीशज्यूहरुप्रति लक्षित गरी "झगडियालाई घरमा वोलायर राती राती चियर्स गरेर नेपालको न्यायिक नेतृत्वले आफूलाई भन्दा देख्नेलाई लाजको स्थानमा उभ्याएको" , "आजभोलि न्यायाधीशहरु वुट्टा भएको र नभएको टिसर्ट वाहेक केही देख्दैनन् " एवं "अव मुद्दा जित्न वकिल होइन न्यायाधीश राख्नु पर्छ" जस्ता झुठ्ठा र अनर्गल एवं न्यायालय , न्यायकर्मी र समग्र न्यायपद्बतीप्रति नै अत्यन्त अशोभनीय अमर्यादित र विद्बेशपूर्ण अभिव्यक्तिहरु उल्लेख गरी प्रकाशन गरेको देखियो ।

सोही पत्रिकाको २६ वैशाख २०७० को अंकमा घनश्याम खड्काको नाउँवाट लेखिए "नथुन न्यायको वाटो " भन्ने लेखमा सर्वोच्च अदालतले गरेको अमूक मुद्दाको फैसलाको प्रसङगमा "मौलिक हकको रक्षा र संवैधानिक प्रावधानको पालना गर्न बसेको सर्वोच्चले नागरिकलाई रिट लिएर आउने वाटै थुनिदिएको छ" , "रिट दायर गर्नु अघि विपक्षीहरुलाई जानकारी दिएको प्रमाण रिट साथै पेश गर्ने , निवेदकलाई कालोसूचीमा राख्ने ,जरिवाना सरह क्षतिपूर्ती तिराउने जस्ता प्रावधान हाम्रो अन्तरिम संविधानले कल्पनासम्म पनि गरेको छैन । तर संविधानकै पालक सर्वोच्चले यस्तो बखेडा निकालेर नागरिकको मौलिक हकलाई अपहरण गर्ने दुस्साहस गरेको छ" भन्ने जस्ता अनुचित, अवांछित र अमर्यादित शव्दावली प्रयोग गरी यस अदालतवाट भएको फैसलाको अप्रासङ्गिक र गलत व्याख्या

गरेको देखिएको छ । उक्त फैसला पश्चात् पनि यस अदालतले सयौंको संख्यामा रिट निवेदन दर्ता गरेको तथ्यले निवेदकले उल्लेख गरेको "सर्वोच्चले बखेडा निकालेको" भन्ने अभिव्यक्ति सरासर भ्रामक र अमर्यादित भन्ने देखिन आउँछ । यो अदालतप्रति नकारात्मक सन्देश प्रवाह गर्ने दुष्प्रयासको नमूना हो । अदालतका फैसलाहरुको प्राज्ञिक समीक्षा हुनु अपेक्षित मात्र होइन आवश्यक समेत हुन सक्छ र अदालतवाट भएका फैसला र आदेशको सामयिक रुपमा गरिने प्राज्ञिक समिक्षाले विधिशास्त्रको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । यो सदा स्वागतयोग्य कदम पनि हो । अर्कातर्फ अदालतको फैसला वा आदेशमा चित्त नबुझ्ने पक्षले तोकिएको कानूनी प्रकृया अवलम्वन गरी सक्षम अदालतमा चुनौती दिन पाउने कानूनी व्यवस्थाको अवलम्वन गर्न सक्ने अवस्था पनि रहेकोमा प्रस्तुत लेखमा फैसलाका उल्लिखित आयामहरुलाई नजरअन्दाज गरी सो मार्गको अवलम्वन नगरी फैसलाले कुनै खास सन्दर्भमा उल्लेख गरेको व्यहोरालाई आफ्नो निहित आग्रह अनुरुप अपव्याख्या गरी अदालतप्रति अनास्था पैदा गर्ने अकण्टक प्रयास गरेको मान्नुपर्ने हुन आउँछ । यिनै विपक्षीको मिति १७ वैसाख २०७० को "श्रीमान्लाई टिसर्ट मन नपरेपछि" भन्ने शिर्षकको लेखमा निज स्वयं यस अदालतका माननीय न्यायाधीशको च्याम्वरमा प्रवेश गरी न्यायाधीशलाई निजले लगाउने पोशाकका वारेमा अनेक प्रश्न प्रतिप्रश्न गरेको र त्यसको लगतै सम्माननीय प्रधान न्यायाधीशज्यूको च्याम्वरमा समेत जवाफ लिन प्रवेश गरेको व्यहोरा उल्लेख भएको देखिन्छ । यस सम्बन्धमा यस अदालतको आदेशानुसार सम्बन्धित इजलास अधिकृत तथा यस अदालतको प्राशासन शाखावाट प्राप्त मिसिल संलग्न प्रतिवेदन हेर्दा विपक्षी निज घनश्याम खड्का विना अनुमति सिधै माननीय न्यायाधीशको निजी च्याम्वरमा प्रवेश गरी न्यायाधीशज्यूलाई अत्यन्त अशिष्ट, अमर्यादित, अशोभनीय र आपत्तिजनक ढंगले धम्काएको भन्ने व्यहोरा उल्लेख गरेको देखिएको र उक्त लेखले सोही कार्यको पुष्ट्याइ गर्ने चेष्टा गरेको देखिंदा सो लेखलाई समेत निजको गम्भीर फौजदारी प्रकृतिको अवहेलनाजनक कार्यको निरन्तरताको रुपमा लिनुपर्ने देखिन्छ ।

यसैगरी सो दैनिकले न्याय परिषद्को मिति २०७१।१।९ को निर्णयले यस अदालतमा रिक्त न्यायाधीशको पदमा गरिएको सिफारिश प्रति तथ्यको यथार्थ छानवीन नै

नगरी सिफारिशमा परेका न्यायाधीशहरुको विरुद्ध धारावाहिक रुपमा तथ्यहीन र भ्रमपूर्ण लेख र टिप्पणीहरु प्रकाशन गरेको देखिन्छ । "कारवाई तोकिएकालाई न्यायाधीशको सिफारीश" (२०७१।१।१०) शिर्षकमा प्रकाशित समाचारजन्य टिप्पणीमा कारवाई सम्बन्धमा न्याय परिषद्वाट भए गरेको थप प्रकृया र निर्णयका सम्बन्धमा यथार्थ सूचना सम्प्रेषण नगरी आफ्नो आग्रह अनुकूलका आंशिक सूचना मात्र उल्लेख गरी आम पाठकहरु र स्वयं संसदीय सुनुवाई हुने निकाय (संसदीय सुनुवाई समिति) लाई भ्रमपूर्ण सन्देश प्रवाह गरेको देखिन आउँछ ।

यसैगरी कान्तिपुर दैनिकको २०७१।१।१४ को पहिलो पृष्ठमा "न्यायाधीश सिफारिश संसदले उल्टाउनुपर्छ" भन्ने शिर्षकमा पूर्व प्रधान न्यायाधीश मीन वहादुर रायमाझीले ब्यक्त गरेको भनी पुनरावेदन अदालतका वहालवाला न्यायाधीशहरुलाई "ऐरे , गैरे, नत्थु खैरे" जस्ता तुच्छ र अमर्यादित शव्दावली युक्त अभिव्यक्तिलाई कान्तिपुर दैनिकले उच्च प्राथमिकताका साथ प्रकाशन गरेको देखिंदा उल्लिखित न्यायाधीशको पदलाई ऐरे ,गैरे,नत्थु खैरे जस्ता अभिव्यक्ति एवं प्रकाशनहरु प्रथम दृष्टिमा नै अवहेलनाजन्य रहेका छन् ।

त्यस्तै २०७१।१।३० को कान्तिपुर समाचारपत्रको पृष्ठ २ मा प्रकाशित "कुन न्यायाधीश के विवादमा" भन्ने शिर्षकमा प्रकाशित समाचारमा तथ्य र यथार्थता भन्दा पनि सिफारिशमा परेका न्यायाधीशहरुप्रतिको आग्रह र द्बेषपूर्ण भावनाले ग्रसित भै हुँदै नभएको तथ्यको उल्लेखन गरी अनर्गल प्रचार गर्ने दुष्प्रयास गरिएको छ । समाचार प्रवाह गर्दा न्यूनतम रुपमा हुनुपर्ने तथ्यमा स्पष्टता र दृष्टिकोणमा तटस्थतालाई कहिंकतै अवलम्वन गरेको देखिंदैन ।

यस्तै २०७१।२।२० को "अदालतले रातारात छाड्यो महेश सिंहलाई" भन्ने समाचार टिप्पणीमा अदालतले न्यायिक प्रकृया अवलम्वन गरी न्यायको रोहमा प्रतिवादीले सफाई पाउने ठहर्याई गरेको फैसलालाई साक्षी प्रमाण नै नबुझी छाडेको भन्ने जस्ता तथ्यहीन समाचार प्रकाशन गरेको देखिन्छ । अदालतले कानूनद्वारा तोकिएको कार्यविधि अवलम्वन गरी मुद्दाको कारवाई र किनारा गर्ने एवं त्यस्तो कारवाई वा किनारामा त्रुटि भएमा पुनरावेदन सुन्ने निकायवाट सच्याउने प्रकृया प्रचलित नेपाल कानूनमा रहँदा रहँदै त्यस

सम्बन्धी न्यायिक प्रकृया नै प्रभावित हुनेगरी त्यस्तो कानूनी व्यवस्था नै नभए जस्तो गरी न्यायिक कारवाई प्रति नै अनास्था सृजना हुने गरी टिप्पणी गरेको देखिन आउँछ ।

"मुख्य अभियुक्त छुटे चालक मात्र जेलमा" भन्ने २०७१।२।३१ को घनश्याम खड्काको समाचार टिप्पणी प्रकाशन गरिएको छ तर सो प्रकाशित सामग्रीमा के कुन आधार कारणवाट तल्लो निकायको आदेश बदर गरिएको छ भन्ने सम्बन्धमा अदालतबाट भएको आदेश ब्यहोराको एक शब्द सम्म पनि उल्लेख गरिएको छैन । आदेशको परिणामलाई मुख्य बिषयवस्तु वनाइएको समाचारमूलक टिप्पणीमा आदेशमा लेखिएको व्यहोरा उल्लेख गर्नु कम्तिमा पनि समाचार सम्प्रेषकको न्यूनतम नैतिकता हो । आदेशमा उल्लेख भएको व्यवहोरा त्रुटिपूर्ण भए सो को जानकारी पाठकलाई दिनुले पाठकले पनि सही सूचना प्राप्त गर्न सक्ने र न्यायिक काम कारवाईमा पनि कुनै त्रुटी भए सच्चिने अवसर समेत प्राप्त हुनेमा त्यसतर्फ पुरै वेवास्ता गरी आंशिक सुचना मात्र प्रवाह गरी पाठकमा र सर्वसाधारणमा अदालतप्रति नकारात्म सन्देश प्रवाह गर्ने कलुषित धारणा प्रवाह गरिएको छ । टिप्पणीको छैठौ अनुच्छेदको तेश्रो पंक्तिमा "न्यायाधीश नियुक्ति गर्नुपूर्व निकै विवादमा तानिएका न्यायाधीशहरु" भन्ने उल्लेख गरेवाट अदालतवाट भएको आदेशप्रति जनमानसमा सन्देहको भावना पैदा गराउने र न्यायाधीशहरु प्रतिको आफ्नो दुराग्रह समेत अभिव्यक्त गर्ने दुरासयकासाथ टिप्पणी गरिएको भन्ने देखिन आउँछ ।

यसै गरी कान्तिपुर दैनिकको २०७१।२।११ को "जता पराजुली उतै रिट " शिर्षकको कृष्ण ज्ञवालीको नामवाट प्रकाशित समग्र समाचारमा टिप्पणीको शिर्षकदेखि समग्र प्रकाशित सामग्री नै न्यायाधीश प्रति व्यक्तिगत पूर्वाग्रह र दुराशय अभिव्यक्त गरी अदालतको सम्मान , मर्यादा र स्वच्छतामा आघात पुर्‍याउने किसिमको रहेको छ । अदालतमा दर्ता हुनआएका सवै प्रकृतिका सवै विवादहरुमा तोकिएका कार्यविधि अवलम्वन गरी सम्माननीय प्रधान न्यायाधीशवाट सुनवाईका लागी बेञ्च र न्यायाधीश तोक्ने पद्दती रहेको सर्वविदितै छ । निर्धारित पद्दति अवलम्वन गरी आफू समक्ष पेश भएको मुद्दाको सुनुवाई गरी न्यायिक मूल्य मान्यता र स्थापित पद्दति समेतका आधारमा गरिएका न्याय सम्पादनका काम कारवाईलाई कुत्सित नियतले भ्रमपूर्ण निष्कर्ष निकाली अदालत

र न्यायिक निकायप्रति वितृष्णा र अनास्थाको भावना जागृत गराउने दुष्प्रयास गरिएको सो प्रकाशित सामग्रीवाट देखिन आयो ।

माथि उल्लिखत दुराग्रहपूर्ण , कलुषित एवं पूर्वाग्रहयुक्त व्यक्ति लक्षित लेख समाचार आदि अदालतप्रति अनास्था पैदा गरी अदालत र यसमा कार्यरत न्यायाधीशहरुको वारेमा अनुचित र भ्रम सृजना गरी समग्र न्यायपालिकालाई कमजोर वनाउने र स्वतन्त्र र सक्षम न्यायपालिकावाट स्वच्छ न्याय प्राप्त गर्न सर्वसाधारण आमनागरिकको हक अधिकारमा वाधा सृजना गर्ने, न्यायाधीशको मनोवल कमजोर बनाउने र परिणामतः न्यायिक प्रक्रियामा नै अवरोध पुर्याउने मनसाय रहेको भन्ने उक्त लेख, समाचारहरुको मालाकार चक्रयुक्त श्रृंखलावद्ध प्रकाशनहरुवाट देखिन आउँछ । अवास्ताविक , तथ्यहीन र भ्रमपूर्ण समाचार वा टिप्पणी पनि वारम्वार विभिन्न भाषा शैली, आशय र स्वरुपमा प्रकाशित गर्दा आमपाठकमा आफूले चाहे अनुसारको अदालतप्रति नकारात्मक प्रभाव सृजना गर्न सकिन्छ भन्ने मान्यतावाट कान्तिपुर दैनिक को सम्पादकीय कार्य सञ्चालन भएको देखिन आउँछ । उल्लिखित परिस्थितिको सृजनालाई स्वयं समाचारगृहको अभिष्ट अभियान होइन कि भनी मान्नलाई २०७१।१।१२ देखि २०७१।३।४ सम्मको दुई महिना भन्दा कम अवधिमा अदालत र न्यायाधीश एवं न्यायिक प्रकृयाप्रति असहिष्णुता र चेतावनीपूर्ण दर्जनौ लेख,समाचार,टिप्पणीका अतिरिक्त विभिन्न मितिमा चार पटक सम्म लेखिएका सम्पादकीय टिप्पणीवाट समेत पु ष्टि हुन्छ । उदाहरणका लागी सो दैनिक पत्रिकाको २०७१।३।४ को न्यायिक विचलन शिर्षकको सम्पादकीयमा यस अदालत लगायत विभिन्न पुनरावेदन र जिल्ला अदालतवाट विभिन्न मुद्दाका सन्दर्भमा भएका आदेश र फैसलालाई "कैफियत" भएको भनी जवर्जस्ती विवादित वनाउने कुत्सित प्रयास गरेको देखिन्छ । यसवाट अदालतका आदेश वा फैसला कानून बमोजिम भएका छन् वा छैनन् भन्ने मूल्यांकन प्रथमतः उक्त पत्रिकावाट हुनुपर्ने र तदनुरुप आमपाठकले सो पत्रिकाले भने बमोजिम नै बुझ्नु पर्ने वाध्यात्मक अवस्था सृजना भएको देखिन्छ । न्यायाधीशले फैसला वा आदेश गर्दा न्याय र कानूनको मर्म अनुकूल गर्नु भन्दा पनि कान्तिपुरको कोपभाजनमा परिने हो कि भनी त्रसित हुनुपर्ने विडम्वनापूर्ण अवस्थाको सृजना भएको छ । उक्त अवस्था अज्ञानतावस वन्न पुगेको हो कि भन्नलाई पनि एउटै बिषयलाई एउटै

आग्रहका साथ विज्ञापन जस्तो गरी पटक पटक प्रकाशन गरेबाट अज्ञानताबस वा भूलवस प्रकाश भएको रहेछ भनी मान्न प्रारम्भिक हेराईमा नै मिलेन । कान्तिपुर पत्रिकाको यो अभियान न्यायप्रणाली र न्यायकर्मीको संगठित र संस्थागत रुपमा तेजोवध गरी आफनो अमूक अभिष्ट प्राप्त गर्ने भन्ने देखिंदा उक्त समग्र अभियान नै अपहेलनाजन्य देखिन आयो।

न्यायालय, न्यायकर्मी र न्यायिक प्रकृयाका सम्बन्धमा गरिएका सतही र आग्रहपूर्ण अभिव्यक्तिलाई केवल समाचारदाता वा सम्वाददाताका निजी दृष्टिकोणका रुपमा मात्र स्वीकार गर्न नसकिने अवस्था एउटै बिषयवस्तुमा एउटै आग्रहका साथ अत्यन्त अशोभनीय ढंगले पटक पटक सम्पादकीय टिप्पणी उल्लेख गर्नुवाट समेत स्पष्ट हुन आउँछ । कान्तिपुर दैनिकका प्रकाशक ,सञ्चालक एवं सम्पादक स्वयं संस्थागत रुपमा नै न्यायालय, न्यायकर्मी र न्यायिक प्रकृयाप्रति जनमानसमा रहेको आस्था र विस्वासलाई धुमिल वनाउने अभिष्टका साथ अदालत विरुद्ध अभियान पत्रकारितामा लागेको होइन भनी मान्न मिल्ने अवस्था उल्लेखित आधार कारण र अवस्थावाट प्रथम दृष्टिमा नै देखिन आएन ।

यस सम्बन्धमा संवैधानिक व्यवस्था हेर्दा नेपालको अन्तरिम संविधान , २०६३ को धारा १२ को उपधारा (३) को खण्ड (क) ले विचार र अभिव्यक्तिको स्वतन्त्रता प्रदान गरेको छ तर सो स्वतन्त्रता सीमारहित हुन नस्कने भन्ने अंगीकार गरी उक्त विचार र अभिव्यक्ति स्वतन्त्रतालाई सोही उपधाराको प्रतिवन्धात्मक वाक्यांशले विभिन्न सीमा वन्देजहरु निर्धारण गरेको छ । प्रतिवन्धात्मक वाक्यांशको खण्ड (१) मा " कुनै कुराले नेपालको सार्वभौमसत्ता, अखण्डता वा विभिन्न जात , जाति, धर्म वा सम्प्रदायहरुका वीचको सुसम्बन्धमा खलल पर्ने वा गाली वेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन दिने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी कानून बनाउन रोक लगाएको मानिने छैन" भन्ने भएको देखिंदा संविधानका निर्माताले विचार र अभिव्यक्तिको स्वतन्त्रताको प्रवन्ध गर्दा निश्चित परिधी तोकेको देखिन्छ । यस्तै सीमा वन्देजयुक्त प्रवन्ध धारा १५ को प्रकाशन प्रसारण तथा छापाखाना सम्बन्धी हकको उपधारा (१) मा समेत गरेको देखिन्छ । यसबाट के स्पष्ट

हुन्छ भने विचार र अभिव्यक्तिको स्वतन्त्रता प्रजातान्त्रिक शासन व्यवस्थाको अधारस्तम्भ हो तर यो स्वतन्त्रता निरपेक्ष छैन। वन्देजरहित स्वतन्त्रताले समाजलाई सभ्यतातर्फ नभई अराजकतातर्फ धकेल्छ । यसैकारण जतिसुकै उदार र प्रजातान्त्रिक समाजमा पनि यी स्वतन्त्रताहरुलाई निश्चित सीमाभित्र परिसीमित गरेको पाइन्छ । यस्ता सीमा वन्देजहरु व्यवस्थापिकाले कानूनको निर्माण गरेर वनाएको वा नवनाएकै स्थितिमा पनि व्यापक राष्ट्रिय प्रभाव पार्न सक्ने आमसञ्चारका माध्यम वा त्यस्ता सञ्चार माध्यम व्यवस्थापन गर्ने निकाय वा संस्थाले पेशागत नैतिकताको न्यूनतम मर्यादाका रुपमा समेत अवलम्वन गर्नुपर्ने हुन्छ। वस्तुत: विचार अभिव्यक्तिको स्वतन्त्रता एवं छापाखाना तथा पत्रपत्रिकाको स्वतन्त्रता र स्वतन्त्र न्यायपालिका प्रजातान्त्रिक शासन व्यवस्था , कानूनको शासन सभ्य समाजका लागि परस्पर हटक नभई एकापसमा परिपूरकका रुपमा रहेका हुन्छन् । न्यायपालिकाको स्वतन्त्रताको रक्षा गर्न सकिएमा मात्र प्रेस स्वतन्त्रताको रक्षा हुनसक्छ भन्ने यस अदालतवाट विगतमा विभिन्न पत्रपत्रिकाउपर राज्यवाट हुनगएका हस्तक्षेपमा यस अदालतले निर्वाह गरेको भूमिकावाट स्पष्ट हुन्छ । यस कुराको अनुभूति स्वयं कान्तिपुर दैनिक सञ्चार समूह ले इतिहासको कालखण्डमा गर्न पाएको यस अदालतको रेकर्ड मिसिलवाट देखिन आँउछ ।

आमसञ्चारले सार्वजनिक चासोका सबै क्षेत्रको सूचना प्रवाह गर्ने र यसैका माध्यमबाट ती क्षेत्रको रखवारी गर्ने कार्य समेत गरिरहेको हुँदा त्यस्ता संस्था अत्यन्त जिम्मेवारी र उदाहरणीय हुनुपर्ने हुन्छ । यसका लागि अदालतसँग सम्वन्धित समाचार लेख वा पाठ्य सामग्री प्रकाशित गर्दा कहीं कतै असत्य , भ्रामक र दोषपूर्ण र तथ्यहीन समाचार छापिन जाने त होइन र यस्तो सामग्रीवाट अदालतप्रतिको जनआस्थामा प्रतिकूल असर पर्ने त होइन र आफनो प्रकाशनवाट अदालतको अवहेलना हुने त होइन भन्ने कुरामा आमसञ्चार जगत सदा सजग र सावधान रहनुपर्ने भन्ने न्यूनतम मान्यता हो । तर यस मान्यताप्रति कान्तिपुर दैनिक उदासीन मात्र नभइ अग्रसर रहेको देखिन्छ । महत्वपूर्ण पक्ष त यो रहेको छ कि यस्ता आग्रहयुक्त भ्रमपूर्ण र दुषित पाठ्सामग्रीबाट न्यायाधीशको व्यक्तिगत मर्यादा र सम्मानमा मात्र आँच आउने नभई अन्त तोगत्वा व्यक्तिको स्वतन्त्र न्यायपालिकावाट स्वच्छ न्याय प्राप्त गर्न पाउने अधिकारको

उपभोगमा नै वाधा पुग्न गएको हुन्छ । आफ्नो अधिकारको प्रयोग गर्दा अरुको अधिकारको सम्मान र रक्षा गर्नु अधिकार विधिशास्त्रको आधारभूत मान्यता हो । सञ्चार प्रविधिको विकासले आमसञ्चारको प्रभाव अत्यन्त प्रभावकारी सिद्ध भैरहेको वर्तमान सन्दर्भमा अमूक बिषयवस्तुमा अदालत प्रति अमूक आग्रह लिई आफ्नो धारणालाई सत्य स्थापित गर्ने अभियान (Mission) का रुपमा आफ्नो स्वामित्वको प्रकाशनको दुरुपयोग गर्नु कुनै पनि सामान्य समझको व्यक्ति (Man of General Prudence) को लागि पनि प्रथम दृष्टिमा ( Primafacie) नै पेशागत मर्यादा प्रतिकूल र अदालतको अवहेलनाजन्य देखिन आँउछ । आफ्नो लेख , समाचार र सम्पादकीय टिप्पणीहरु कुनै न कुनै रुपमा अदालत विरुद्ध लक्षित गरी न्यायाधीशको मानमर्दन गर्ने र अदालतको सम्मानमा आँच पुर्‍याउने कार्य तिरन्तर गरिरहेको भन्ने मिसिल संलग्न यस अदालतको आदेशानुसार पेश हुन आएको कान्तिपुर दैनिकको बिभिन्न अंकमा प्रकाशित अदालत सम्बन्धी लेख , रचना , समाचार सम्पादकीय टिप्पणीको सरसर्ती अध्ययनवाट जो सुकै व्यक्तिले प्रथम दृष्टिमा नै पनि निर्कयौल गर्नसक्ने अवस्था छ । यस्तै निवेदन दर्ता भैसकेपछि २०७१।५।८ सम्म पनि त्यस्ता सामग्रीहरुको प्रकाशनलाई निरन्तरता दिई अदालतको अवहेलनाजन्य कसूर गरेको प्रष्ट हुन आएको छ ।

उल्लिखित आधार तथा यस अदालतवाट प्रतिपादित सिद्धान्त समेतका आधारमा कान्तिपुर प्रकाशन प्रा.लि. बाट प्रकाशित कान्तिपुर दैनिक पत्रिकामा धारावाहिक रुपमा विभिन्न अंकमा प्रकाशित लेख , रचना, समाचार, सम्पादकीय समेतका विभिन्न सामग्रीको पठनवाट सम्पूर्ण न्यायपालिकाको प्रतिष्ठा र सम्मानमा आघात पुर्‍याई अदालतको निष्पक्षता, सक्षमता तथा विश्वसनीयतामा नै जनमानसमा भ्रम उत्पन्न गराउन खोजेको देखिनाले उक्त पत्रिकाका सम्पादक सुधिर शर्मा एवं सञ्चालक कैलाश सिरोहीया , ऐजनका निर्देशक स्वस्तिका सिरोहिया र समाचारदाता घनश्याम खड्कालाई सर्वोच्च अदालत ऐन २०४८ को दफा ७ बमोजिम अदालतको अवहेलनामा किन कारवाई र सजाय नगर्ने हो आफू उपर कारवाइ र सजाय गर्न नपर्ने भए समाव्हान पाएको मितिले ७ दिन भित्र तारेख थाम्न नपाइने गरी यस अदालतमा वयान गर्न स्वयं उपस्थित हुन आउनु भनी निजहरुको नाउँमा प्रस्तुत निवेदन र यस आदेशको प्रतिलिपीसाथ समाव्हान जारी गरी तामेल गर्नु ।

अन्य विपक्षीहरुका नाउँमा ७ दिन भित्र लिखित जवाफसहित यस अदालतमा उपस्थित हुनु भनी प्रस्तुत निवेदन र यो आदेशको प्रतिलिपी साथै राखी समाव्हान जारी गरी तामेल गर्नु । निवेदिका रत्न कुमारी श्रेष्ठले आफ्नो वहसको क्रममा प्रस्तुत निवेदन दायर गरेकै कारण आफू असुरक्षित भएको अभिव्यक्ति प्रकट गरेको हुँदा कुनै पनि व्यक्तिले यस अदालतमा निवेदन गरेकै कारण असुरक्षित महसुश गर्ने वातावरण सृजना हुनु पनि कानूनकै प्रतिकूल हुने हुँदा यस्तो प्रकृतिका विषयमा सुरक्षा प्रत्याभूति हुनुपर्ने तर्फ विचार पुरयाउन सुरक्षा निकायलाई जानकारी गराउनु भनी प्रशासन महाशाखाको ध्यानाकर्षण गरिएको छ । प्रस्तुत निवेदनलाई फौजदारी विविधको लगतमा दर्ता गरी नियमानुसार पेश गर्नु ।

न्यायाधीश

इति सम्वत् २०७१ भाद्र १० गते रोज ३ शुभम् ............................................